# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- ४

मितिः- २०८१।०६।१० गते बिहिवार

बैठक प्रारम्भः- बिहान ०८:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख कृष्ण कुमार तामाङको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको निर्णयहरु गरियो ।

| क्र.स. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुदावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्ति बहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ्ग | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती तिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सदस्य-सचिव | श्री जय नारायण खनाल | |

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- ४

मितिः- २०८१।०६।१० गते बिहिवार

बैठक प्रारम्भः- बिहान ०८:०० बजे

<u>प्रस्तावहरु</u>

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।

२. परिक्षा समिति गठन सम्वन्धमा।

३. पिलुवा घट्टेको प्रहरी चौकी भवन सम्वन्धमा।

४. पाथिभरा निसानी मुर्तीको भुक्तानी सम्वन्धामा

५. वृहत खानेपानी चैनपुर नगरपालिका सम्वन्धमा ।

६. प्रत्येक वडाका भित्री सडक सरसफाई सम्वन्धमा ।

७. निर्मित घरहरुको घर अभिलेखिकरणको सूचना सम्वन्धमा ।

८. नगर प्रहरी राख्ने कार्यविधि सम्वन्धमा ।

९. चैनपुर नगरपालिका वडा नं. ११ को लिफटिङ खानेपानी विधान सम्वन्धमा ।

१०. पोखरी प्रहरी चौकी घडेरी सम्याउने सम्वन्धमा ।

११. जैविक सांस्कृतिक पर्यटन कार्यविधि स्विकृत सम्वन्धमा ।

१२. चैनपुर नगरपालिका वडा नं. १० को बोयर पाठापाठी स्रोत केन्द्र सम्वन्धमा ।

१३. फोहोरमैला व्यवस्थापन सम्वन्धमा ।

१४. मेसिन प्रयोग गरी उपभोक्ता समितिद्धारा सञ्चालित योजना सम्वन्धमा ।

१५. नदी जन्य पदार्थको IEE गर्न दररेट माग सम्वन्धमा।

१६. आर्थिक सहायकता अन्य विविध सम्वन्धमा ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः-४

मितिः- २०८१।०६।१० गते बिहिवार

बैठक प्रारम्भः- बिहान ०८:०० बजे

<u>निर्णयहरु</u>

**<u>निर्णय नं. १.</u>** प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८१ भदौ २३ गतेको भएका का.पा बैठक का निर्णयहरु समिक्षा गरी प्रभावकारी कार्यान्वयन गरिने निर्णय गरियो।

**<u>निर्णय नं. २.</u>** प्रस्ताव नं. २ उपर छलफल गर्दा चैनपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७५ आवश्यक संशोधन गरि देहाय अनुसार परिक्षा सञ्चालन समिति गठन गर्ने निर्णय तथा उक्त कार्यविधिको संशोधन सम्बन्धि विषयवस्तुको आवश्यक अध्ययन गरी आगामी कार्यापालिका वैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

देहायः

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| (ख) | प्रशासन शाखा प्रमुख | -सदस्य |
| (ग) | आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| (घ) | विषय विज्ञ | सदस्य |
| (ङ) | सम्बन्धित शाखा प्रमुख | -सदस्य |

**<u>निर्णय नं. ३.</u>** प्रस्ताव नं. ३ उपर छलफल गर्दा पिलुवा घट्ट प्रहरी चौकीको वरन्डा, खानेपानी, किचेन तथा वाइरिङ गर्नेका लागि प्राविधिकको अन्तिम विल अनुसार पिलुवा खोला अस्थायी प्रहरी चौकी भवन निर्माण उपभोक्ता समितिलाई आन्तरिक स्रोतबाट भुक्तानी गर्ने निर्णय गरियो।

**<u>निर्णय नं. ४.</u>** प्रस्ताव नं. ४ माथि छलफल गर्दा पाथिभरा निसानी मुर्तीको खरिद कोटेसन विधिबाट गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ५.</u>** प्रस्ताव नं. ५ माथि छलफल गर्दा वृहत खानेपानी चैनपुर नगरपालिकालाई विपद व्यवस्थापन कोषबाट प्राविधिक विल अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ६.</u>** प्रस्ताव नं. ६ माथि छलफल गर्दा प्रत्येक वडाका भित्री सडक सरसफाई गर्दा कोटेसन विधिबाट सञ्चालन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ७.</u>** प्रस्ताव नं. ७ माथि छलफल गर्दा चैनपुर नगरपालिका भित्र घर नक्सा नियमित अभिलेखीकरण सम्वन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ८.</u>** प्रस्ताव नं. ८, ९ र ११ माथि छलफल गर्दा मस्यौदाका रुपमा रहेका नगर प्रहरी सम्वन्धी कानून, अरुण लिफटिङ खानेपानी उपभोक्ता तथा सरसफाई समितिको विधान, जैविक

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- ४

मितिः- २०८१।०६।१० गते बिहिवार

बैठक प्रारम्भः- बिहान ०८:०० बजे

सांस्कृतिक, पर्यटन कार्यविधि र चैनपुर नगरपालिका भित्रका खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्था कार्यविधिहरु विधायन समितिमा छलफल गर्ने निर्णय गरियो ।

__निर्णय नं. ९.__ प्रस्ताव नं. १० माथि छलफल गर्दा वडा नं. ३ स्थित पोखरी प्रहरी चौकी घडेरी सम्याउन तथा वडा नं. ६ स्थित मेजर पाटी हुँदै दिल कुमारी जाने बाटोमा वाल निर्माण गर्न प्राविधिक स्टिमेट अनुसार मर्मत खर्च शिर्षकबाट गर्ने निर्णय गरियो ।

__निर्णय नं. १०.__ प्रस्ताव नं. १२ माथि छलफल गर्दा चैनपुर नगरपालिका वडा नं १० बोयर पाठीपाठी स्रोत केन्द्र सम्वन्धी विद्यमान कार्यविधि अध्ययन गरी आगामी का.पा बैठकमा छलफल गर्ने निर्णय गरियो ।

__निर्णय नं. ११.__ प्रस्ताव १५ माथि छलफल गर्दा अरुण, सभा, पिलुवा, हेवाको IEE गर्ने निर्णय गरियो।

__निर्णय नं. १२.__ प्रस्ताव नं. १६ माथि छलफल गर्दा तपशिलका विविध विषयमा निर्णय गरियो ।

तपशिलः

- वडासँग सम्वन्धित योजनाहरु तथा खरिद प्रक्रिया वडाको कार्यसम्पन्न भएको सिफारिस वा अनुगमन प्रतिवेदन तथा ठेक्काको रनिङ बिल अनुसारको वडाको सिफारिस पत्र पेश भएपछि मात्र बिल भुक्तानी गर्ने निर्णय गरियो ।
- वडा ६ बाट प्राप्त भूउपयोग वर्गीकरण परिवर्तनका लागि तपशिल विवरण बमोजिम सिफारिस भएका जग्गाहरुको वर्गिकरण छुट भएकोले छुट कायम संसोधन स्वीकृत गरी सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.स. | जग्गाको कि.न./ क्षेत्रफल | जग्गा धनीको नाम | साविको जग्गा वर्गीकरण किसिम | हाल कायम गर्नु पर्ने जग्गाको वर्गीकरण | जग्गा रहेको स्थान |
|---|---|---|---|---|---|
| १ | कि.नं.-१५९९ क्षेत्रफल-२९३० वर्गमिटेर | टिकादत्त गौतम | कृषि | आवास | साविक चैनपुर गा.वि.स -८ हाल चैनपुर न.पा -६ |

- तपशिलका नागरिकहरुलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | फुल माया तामाङ | चैनपुर न.पा-७ | रु २५,०००।- | उपचार खर्च |
| २ | दिपेन्द्र जि.मी | चैनपुर न.पा-११ | रु १०,०००।- | बाढि पहिरो पिडितलाई |

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- ४

मितिः- २०८१।०६।१० गते बिहिवार

बैठक प्रारम्भः- बिहान ०८:०० बजे

| | | | | सहायता |
|---|---|---|---|---|
| ३ | जस माया राई | चैनपुर न.पा-४ | रु १०,०००।- | वाढि पहिरो पिडितलाई सहायता |
| ४ | मोहन जोशी | चैनपुर न.पा-६ | रु १०,०००।- | वाढि पहिरो पिडितलाई सहायता |
| ५ | मिष्ठि माया राई | चैनपुर न.पा- २ | रु ५,०००।- | काजकिरिया खर्च |
| ६ | सुवास तामाङ | चैनपुर न.पा- ४ | रु २०,०००।- | मृगौला पिडितलाई सहायता |

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक ११:४० बजे यही अन्त्य गरियो।